बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८२ साल भाद्र ३० गते सोमबार बसेको नगरकार्यपालिका बैठकको उपस्थिति

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री तिर्थ बहादुर अछामी | कार्यपालिका सदस्य | |
| १८ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १९ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २१ | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २२ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २३ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २४ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २५ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

CamScanner

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं. १) श्रद्धाञ्जली सम्बन्धमा ।

प्रस्ताव नं. २) CCTV जडान सम्बन्धमा ।

प्रस्ताव नं. ३) कार्यापालिकाको निर्णय सार्वजनिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४) अस्पताल व्यवस्थापन समितिको सदस्य सम्बन्धमा ।

प्रस्ताव नं. ५) सहकारी नियमावली २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ६) सहकारी सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. ७) सहकारी संस्था निरीक्षण तथा अनुगमन कार्यविधि २०८२ (बचत तथा ऋणको मूख्य कारोबार गर्ने संस्थाहरुको लागि मात्र) सम्बन्धमा ।

प्रस्ताव नं. ८) जग्गा सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं. ९) बर्दिबास नगर खेलकुद विकास संचालन कार्यविधि २०८१ संशोधन गर्ने सम्बन्धमा

प्रस्ताव नं. १०) आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ११) बसपार्क निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा ।

प्रस्ताव नं. १२) बर्दिबास अस्पतालमा कर्मचारी खटाउने सम्बन्धमा ।

प्रस्ताव नं. १३) अनुमती सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

निर्णय नं. १) प्रस्ताव नं. १) उपर छलफल गर्दा, यहि भाद्र २३ र २४ गते Gen Z आन्दोलनका क्रममा ज्यान गुमाउनु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो शमवेदना प्रकट गर्ने साथै घाईतेहरुको शिघ्र स्वस्थ्य लाभको कामना गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं. २) उपर छलफल गर्दा, Gen Z आन्दोलन लगायत अन्य समसामयिक विषयमा छलफल गर्न मिति २०८२/०५/२८ गते यस न.पा. कार्यालयमा बसेको सर्वदलिय/सर्वपक्षिय भेलाले बर्दिबास नगरपालिका क्षेत्र भित्रको मुख्य बजार क्षेत्र तथा राजमार्ग क्षेत्रमा CCTV जडान गर्ने निर्णय भए अनुसार न.पा. कार्यालयबाट प्राविधिक ईस्टिमेट तयार गरी ईलाका प्रहरी कार्यालय बर्दिबास समेतको समन्वयमा यथाशिघ्र जडान कार्य सञ्चालन गर्ने निर्णय पारित गरियो ।

CamScanner

निर्णय नं. ३) प्रस्ताव नं. ३ ) उपर छलफल गर्दा, यस कार्यालपलिकाको बैठकका निर्णयहरु नियमित रुपमा नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिकीकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं. ४) उपर छलफल गर्दा, बर्दिबास अस्पताल व्यवस्थापन समितिको मिति २०८२/०४/०४ गते बसेको बैठकले समितिका सदस्यद्वय श्री कृष्ण प्रसाद घिमिरे र श्री रुपा कुमारी गदाल बिना जानकारी समितिको बैठकहरुमा धेरै पटक अनुपस्थित रहेको र उपस्थितिको जानकारी पठाउदा पनि कुनै खबर समेत नआएको हुँदा समितिको कार्य सम्पादनमा असहज अवस्था भएकोले निजहरुको स्थानमा श्री माधब प्रसाद पौडेल (बर्दिबास नगरपालिका-१, महोत्तरी) र श्री सुरज कुमार बस्नेत (बर्दिबास नगरपालिका-८, महोत्तरी) लाई मनोनित गरीएकोले अनुमोदन/समर्थनका लागि अनुरोध गरे बमोजिम अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं. ५) उपर छलफल गर्दा, यस न.पा. को सहकारी ऐन, २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी सहकारी नियमावली २०८२ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं. ६) उपर छलफल गर्दा, सहकारीको स्थापित मूल्य र सिद्धान्तका आधारमा दर्ता भई नगरक्षेत्र भित्र रहेका प्रारम्भिक सहकारी संस्थाहरुबीच समन्वय स्थापना गरी सहकारी संस्थाहरुको संस्थागत विकास, प्रवर्द्धन, प्रशिक्षण तथा संरक्षणका साथै समन्वयकारी भूमिका निर्वाह गर्ने प्रयोजनका लागि बर्दिबास नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन) कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ७) प्रस्ताव नं. ७) उपर छलफल गर्दा, बर्दिबास नगरपालिकामा रहेका सहकारी संस्थाहरुमा सुशासन कायम गर्न गराउन नगरपालिकाले सहकारी संस्था निरीक्षण तथा अनुगमन कार्यविधि, २०८२ (बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरुको लागि मात्र) स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८) प्रस्ताव नं. ८) उपर छलफल गर्दा, नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका प्रदेश स्तरिय सेवा प्रवाह गर्ने निकायहरुको श्रम परिसर निर्माण गर्न जग्गा माग भएको तथा महालेखा परीक्षकको कार्यालयले मधेश प्रदेशको प्रादेशिक लेखा परीक्षण कार्यालय स्थापना गर्न जग्गा माग गरेकोले यस नगरपालिका साबिक २५ नं. बहादुरगंज वडा नं. २ (ग) हाल वडा नम्बर १४ स्थित कित्ता नम्बर ६२ को क्षेत्रफल ६-५-१०-० मध्य उत्तर तर्फबाट दुई वटै निकायलाई १/१ बिगाहा जग्गा उपलब्ध गराउन सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ बमोजिम सिफारिश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९) प्रस्ताव नं. ९) उपर छलफल गर्दा, बर्दिबास नगर खेलकुद विकास संचालन कार्यविधि, २०८१ को पहिलो संशोधन २०८२ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १०) प्रस्ताव नं. १०) माथि छलफल गर्दा, बर्दिबास वडा नं. १ स्थित फलफुल व्यापार गरी बस्ने श्री रीता पौडेलको पसलमा भदौ २४ गते आन्दोलनको क्रममा क्षती भएको तथा वहाँको आर्थिक अवस्था समेत कमजोर

रहेकोले निजलाई रु ५१,०००।०० (एकाउन्न हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो।

निर्णय नं. ११) प्रस्ताव नं. ११) उपर छलफल गर्दा, साबिक २५ नं. बहादुरगञ्ज ३/ख कि.नं. १०६ र १४६ मा रहेको नदी उकास जग्गामा बर्दिबास नगरपालिकाले बसपार्क निर्माण गर्न नगरपालिकालाई उपयोगको लागि सम्बन्धित निकाय सँग माग गर्ने निर्णय पारित गरियो।

निर्णय नं. १२) प्रस्ताव नं. १२) उपर छलफल गर्दा, बर्दिबास अस्पतालमा यस न.पा. कार्यालयमा कार्यरत कर्मचारीहरु श्री दिपेश कुमार काफ्ले अधिकृत सातौ (प्रशासन) लाई प्रशासकीय अधिकृत र श्री संजिव बराल अधिकृत सातौ (लेखा) लाई लेखा अधिकृतको थप जिम्मेवारीमा खटाउने निर्णय पारित गरियो।

निर्णय नं. १३) प्रस्ताव नं. १३) उपर छलफल गर्दा, बर्दिबास उद्योग वाणिज्य संघले मिति २०८२ असोज ६ गते देखी १२ गते सम्म आयोजना गर्न लागेको "सस्तो दशैं बजार" कार्यक्रम संचालनको अनुमती दिने निर्णय पारित गरियो।